## लालीगुराँस नगरपालिका

# लालीगुराँस नगरपालिकाको राजपत्र

खण्डः७    संख्याः २१    मितिः २०८१/०९/०१

**भाग -१**

**लालीगुराँस नगरपालिका वसन्तपुर तेह्रथुम**

## लालीगुराँस नगरपालिकाको टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी ऐन, २०८१

नगर सभाबाट पारित मितिः २०८१।०३।२८

नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८१।०८।२५

**प्रस्तावनाः** नगरपालिका क्षेत्रभित्रका सबै वडाका विभिन्न अवस्थामा रहेका बस्तीहरुलाई टोलमा रुपान्तरण गरी टोलबासी नागरिकहरुलाई टोल विकास संस्था मार्फत् नगरपालिकाको सर्वाङ्गीण विकासमा परिचालन गर्न,

टोल विकास संस्थाको गठन तथा परिचालनलाई व्यवस्थित र पारदर्शी बनाउन तथा नगरपालिका क्षेत्रभित्र जन/लागत सहभागिता परिचालन मार्फत् सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु सोही संस्थाबाटै सञ्चालन गरी प्रत्येक टोलमा निर्माण सम्पन्न हुने आयोजनाहरुको रेखदेख तथा मर्मतसम्भार गर्ने जिम्मेवारी समेत तोकी उक्त आयोजनाको स्वामित्व सोही संस्थालाई नै हस्तान्तरण गर्न,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को उपदफा (२) को खण्ड (२) को उपखण्ड (क)मा उल्लिखित टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरुका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने वडा समितिको काम, कर्तव्य र अधिकारलाई थप स्पष्ट समेत तुल्याउन वाञ्छनीय भएकाले,

सोही ऐनको दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी लालीगुराँस नगरपालिकाको चौधौं नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो ऐनको नाम "**लालीगुराँस नगरपालिकाको टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी ऐन, २०८१**" रहेको छ।

(२) यो ऐन लालीगुराँस राजपत्रमा प्रकाशन भए पश्चात् लालीगुराँस नगरपालिका क्षेत्रभर लागू हुनेछ।

२. <u>परिभाषा र व्याख्याः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले यस ऐन बमोजिम गठन हुने टोल विकास संस्थाका अध्यक्षलाई सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले यस ऐन बमोजिम गठन हुने टोल विकास संस्थाका उपाध्यक्षलाई सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले लालीगुराँस नगरपालिकाको टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी ऐन, २०८१ लाई सम्झनु पर्छ।

(घ) "कार्यकारी समिति" भन्नाले यस ऐनको दफा ४ को उपदफा (१) बमोजिम प्रत्येक टोलभित्र रहने टोल विकास संस्थाको कार्यकारी समितिलाई सम्झनु पर्छ।

(ङ) "कार्यकारी सदस्य" भन्नाले यस ऐन बमोजिम गठन हुने टोल विकास संस्थाको कार्यकारी समितिका सदस्यलाई सम्झनु पर्छ र सो शब्दले आवश्यकता अनुसार टोल विकास संस्थाको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिव समेतलाई सम्झनु पर्छ।

(च) "कार्यपालिका" भन्नाले लालीगुराँस नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(छ) "कार्यालय" भन्नाले लालीगुराँस नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ र सो शब्दले आवश्यकता अनुसार वडा कार्यालय समेतलाई सम्झनु पर्छ।

(ज) "कोषाध्यक्ष" भन्नाले यस ऐन बमोजिम गठन हुने टोल विकास संस्थाको कोषाध्यक्षलाई सम्झनु पर्छ।

(झ) "नगरपालिका" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमलाई सम्झनु पर्छ।

(ञ) "नगर प्रमुख" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमका नगर प्रमुखलाई सम्झनु पर्छ।

(ट) "नगर उपप्रमुख" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमका नगर उपप्रमुखलाई सम्झनु पर्छ।

(ठ) "टोल" भन्नाले नगरपालिका क्षेत्रभित्रका सबै वडाको जनसंख्या र भूगोललाई मुख्य सूचक मानी प्रत्येक वडामा कम्तीमा तीनवटादेखि बढीमा नौवटा टोल रहने गरी सम्बन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाले तोकेको टोललाई सम्झनु पर्छ।

(ड) "टोल भेला" भन्नाले यस ऐन बमोजिम गठन गरिने टोल विकास संस्थाको कार्यकारी समितिको गठन र वार्षिक साधारण सभाको प्रयोजनार्थ कम्तीमा पन्ध्रदिन अगावै टोल भेला बस्ने भनी वडा कार्यालयबाट जारी सार्वजनिक सूचना बमोजिम उपस्थित टोलबासीहरुको भेलालाई सम्झनु पर्छ।

(ढ) "निर्देशक समिति" भन्नाले यस ऐनको दफा २८ को उपदफा (१) बमोजिमको निर्देशक समितिलाई सम्झनु पर्छ।

(ण) "वडा" भन्नाले लालीगुराँस नगरपालिका क्षेत्रभित्रका जुनसुकै वडालाई सम्झनु पर्छ।

(त) "वडाध्यक्ष" भन्नाले लालीगुराँस नगरपालिका क्षेत्रभित्रका जुनसुकै वडाका वडाध्यक्षलाई सम्झनु पर्छ।

(थ) "वडा सदस्य" भन्नाले लालीगुराँस नगरपालिका क्षेत्रभित्रका जुनसुकै वडाका वडा सदस्यलाई सम्झनु पर्छ।

(द) "वडा समिति" भन्नाले लालीगुराँस नगरपालिका क्षेत्रभित्रको जुनसुकै वडाको वडा समितिलाई सम्झनु पर्छ।

(ध) "वडा सचिव" भन्नाले नगरपालिका क्षेत्रभित्रको जुनसुकै वडाको वडा सचिवलाई सम्झनु पर्छ।

(न) "वार्षिक साधारण सभा" भन्नाले यस ऐन बमोजिम गठन हुने टोल विकास संस्थाको वार्षिक साधारण सभालाई सम्झनु पर्छ ।

(प) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लालीगुराँस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ र सो शब्दले प्रमुख प्रशासकीय अधिकृतले तोकेको कुनै अधिकृतस्तरको कर्मचारी समेतलाई सम्झनु पर्छ।

(फ) "सहसचिव" भन्नाले यस ऐन बमोजिम गठन हुने टोल विकास संस्थाको सहसचिवलाई सम्झनु पर्छ।

(ब) "सचिव" भन्नाले यस ऐन बमोजिम गठन हुने टोल विकास संस्थाको सचिवलाई सम्झनु पर्छ।

(भ) "संस्था" भन्नाले यस ऐन बमोजिम गठन हुने टोल विकास संस्थालाई सम्झनु पर्छ।

(म) "संरक्षक" भन्नाले टोल रहेको वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा समितिको सदस्यलाई सम्झनु पर्छ।

(य) "साधारण सदस्य" भन्नाले यस ऐन बमोजिम गठन हुने टोलभित्रका एक घर, एक सदस्यता बमोजिमको सदस्यलाई सम्झनु पर्छ।

## परिच्छेद २

## कार्यकारी समिति सम्बन्धी व्यवस्था

३ . **कार्यकारी समिति गठनका लागि टोल भेलाको आव्हान गरिनेः** (१) वडाध्यक्षले यो ऐन लागू भए पछि पहिलो पटक संस्थाको कार्यकारी समिति गठन गर्न देहायमा उल्लिखित विषयहरु खोली टोल भेलाको आव्हान गर्नु पर्नेछः

(क) कार्यकारी समितिको गठन गरिने मिति, समय र स्थान,

(ख) कार्यकारी समितिमा रहन पाउने सदस्यको योग्यता,

(ग) अन्य आवश्यक विषयहरु।

(२) वडाध्यक्षले उपदफा (१) मा उल्लिखित टोल भेला आव्हानको सार्वजनिक सूचना कम्तीमा सात दिन अगावै प्रकाशन गर्नु पर्नेछ।

(३) वडाध्यक्षले उपदफा (१) बमोजिमको टोल भेलामा उपस्थित सहभागीहरु मध्येबाट समावेशिता समेतलाई सम्बोधन गर्दै सकभर सर्वसम्मतरुपमा संस्थाको कार्यकारी समितिको गठन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सर्वसम्मतरुपमा संस्थाको कार्यकारी समिति गठन हुन नसकेमा उपयुक्त लोकतान्त्रिक विधिको अवलम्वन गरेर भए पनि सूचनामा उल्लिखित मिति, समय र स्थानमै संस्थाको कार्यकारी समिति गठन गर्नु पर्नेछ।

(५) एक घर, एक सदस्यताको अवधारणा बमोजिम प्रत्येक दुई वर्षमा हुने संस्थाको साधारण सभाले संस्थाको नयाँ कार्यकारी समितिको गठन गर्नेछ।

४. **कार्यकारी समितिः** (१) प्रत्येक संस्थामा कम्तीमा चारजना महिला र एकजना बालबालिकाको प्रतिनिधित्व सुनिश्चित हुने गरी देहाय बमोजिम जम्मा एघार सदस्यीय एक कार्यकारी समिति रहनेछ।

| | |
|---|---|
| (क) अध्यक्ष | –एक जना |
| (ख) उपाध्यक्ष | –एक जना |
| (ग) सचिव | –एक जना |
| (घ) कोषाध्यक्ष | –एक जना |
| (ङ) सहसचिव | –एक जना |
| (च) सदस्य | –छ जना। |

(२) कार्यकारी समितिको बैठक कम्तीमा दुई महिनामा एकपटक बस्नेछ।

(३) कार्यकारी समितिको बैठकमा कार्यकारी समितिमा तत्काल कायम रहेका सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) कार्यकारी समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ।

(५) उपदफा (४) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा कार्यकारी समितिमा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यबाट गरेको निर्णय कार्यकारी समितिको निर्णय हुनेछ।

(६) वार्षिक साधारण सभाले गर्ने भनी स्पष्ट व्यवस्था भएकोमा बाहेक संस्थाबाट सम्पादन हुने काम कारबाही संस्थाको कार्यकारी समितिले गर्नेछ।

(७) कार्यकारी समितिको बैठकमा संरक्षकलाई अनिवार्य आमन्त्रण गर्नु पर्नेछ।

(८) संरक्षकको उपस्थिति विना बसेको कार्यकारी समितिको बैठकले वैधानिकता प्राप्त गर्ने छैन।

५ . **कार्यकारी समितिमा रहने पदाधिकारी तथा सदस्यको योग्यताः** (१) देहायको योग्यता भएको व्यक्ति मात्र संस्थाको पदाधिकारी तथा कार्यकारी सदस्यमा रहन सक्नेछन्:

(क) अठार वर्ष उमेर पूरा भएको सम्बन्धित टोलबासी नागरिक, (बालबालिका बाहेक)

(ख) नगरपालिका क्षेत्रभित्र दर्तावाल सामुदायिक तथा सामाजिक संघसंस्थाको प्रमुख पदमा वहाल नरहेको व्यक्ति,

(ग) वर्तमान समयमा सरकारी कोषबाट पारिश्रमिक नलिने व्यक्ति,

(घ) आफ्नो वा एकासगोल परिवारको स्वामित्वमा निर्माण व्यवसायी फर्म नभएको व्यक्ति,

(ङ) निर्वाचित जनप्रतिनिधि नभएको,

(च) नगरपालिकाको नाममा बेरुजु कायम नभएको,

(छ) कुनै कानूनले अयोग्य नभएको।

(२) संस्थाको कार्यकारी समितिको पदमा बस्न चाहने टोलबासी नागरिकले उपदफा (१) मा उल्लिखित प्रावधान बमोजिम संस्थाको कार्यकारी समिति सदस्य पदका लागि योग्य छु भनी वडाध्यक्ष समक्ष स्वः घोषणा गर्नु पर्नेछ।

(३) उपदफा (१) मा उल्लिखित प्रावधान विपरीत कुनै व्यक्तिले आफ्नो योग्यता ढाँटी कार्यकारी समिति सदस्य पदमा रहेको पाइएमा त्यस्ता व्यक्तिलाई जुनसुकै वखत सम्बन्धित वडाध्यक्षले त्यस्तो पदबाट निष्काशन गर्न सक्नेछ र वहालवाला पदाधिकारी तथा कार्यकारी समिति सदस्यबाट रिक्त रहन आउने पदको पूर्ति गर्ने व्यवस्था सम्बन्धित संस्थाको कार्यकारी समिति स्वयंले लोकतान्त्रिक विधि मार्फत् गर्नेछ।

६ . **संस्था दर्ता तथा नवीकरण गर्नु पर्नेः** (१) दफा ३ बमोजिम पहिलो पटक गठित संस्था र यसको कार्यकारी समिति अनुसूची १ बमोजिमको ढाँचामा कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(२) प्रत्येक वर्ष हुने संस्थाको वार्षिक साधारण सभाले नयाँ कार्यकारी समितिको गठन गरे पश्चात् अनुसूची १ मा व्यवस्था भए बमोजिम संस्थाको नवीकरण गर्नु पर्नेछ।

## परिच्छेद ३

## वार्षिक साधारण सभा सम्बन्धी व्यवस्था

७ . **वार्षिक साधारण सभा र कार्यकारी समितिको नेतृत्व चयनः** (१) वडाध्यक्षसँग समन्वय गरी प्रत्येक वर्षको भाद्र मसान्तभित्र कम्तीमा सातदिन अगावै प्रत्येक संस्थाको अध्यक्षले संस्थाको वार्षिक साधारण सभा बोलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संस्थाको अध्यक्षले वार्षिक साधारण सभा नबोलाएको अवस्थामा वडाध्यक्षले सात दिनभित्र सम्बन्धित संस्थाको वार्षिक साधारण सभा बोलाउनु पर्नेछ।

(३) वार्षिक साधारण सभाको गणपुरक संख्या एक घर, एक सदस्यताको अवधारणा बमोजिम उपस्थित टोल भेला नै हुनेछ।

(४) वार्षिक साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(५) संस्थाको अध्यक्ष र उपाध्यक्ष दुवै अनुपस्थित भएमा सभामा उपस्थित बहुमत सदस्यहरुले छानेको संस्थाको कार्यकारी समिति सदस्यले संस्थाको वार्षिक साधारण सभाको अध्यक्षता गर्नेछ।

(६) वार्षिक साधारण सभाले प्रत्येक आर्थिक वर्षमा संस्थाले सम्पादन गरेका काम कारवाहीको बारेमा समीक्षा सहितको व्यापक छलफल गर्नेछ र, संस्थाको आगामी कार्यदिशा तय गर्नेछ।

(७) संरक्षकको उपस्थिति विना बसेको संस्थाको वार्षिक साधारण सभाले वैधानिकता पाउने छैन।

(८) यो ऐन प्रारम्भ भए पछि प्रत्येक आर्थिक वर्षमा उपदफा (१) तथा उपदफा (२) बमोजिम बस्ने संस्थाको वार्षिक साधारण सभाले संस्थाको

नयाँ कार्यकारी समितिको गठनको कार्य दफा ३ मा उल्लिखित प्रावधान बमोजिम सम्पादन हुनेछ।

८. **संस्थाको वार्षिक साधारण सभा, सदस्यता प्राप्ति र निलम्बनः** (१) प्रत्येक टोलमा एक घर, एक सदस्यताको अवधारणा बमोजिम संस्थाको वार्षिक साधारण सभा सदस्यहरु रहने छन्।

(२) यस ऐन विपरीत कार्य गर्ने संस्थाको कुनै पनि साधारण सभा सदस्यलाई संस्थाको कार्यकारी समितिको बहुमत सदस्यले निर्णय गरी बढीमा एक वर्षसम्मका लागि निलम्बन गर्न सक्नेछ।

## परिच्छेद ४

## संस्था र यसमा आवद्ध पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

९. **संस्थाको काम, कर्तव्य र अधिकारः** प्रत्येक संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) टोलबासी नागरिकहरुको जीवनस्तर उकास्नका लागि उद्यमशीलता प्रवर्द्धन सम्बन्धी कार्य गर्ने,

(ख) सभ्य लालीगुराँसको स्थापना र विकासका लागि नगरपालिका र वडालाई सहयोग गर्ने,

(ग) टोलमा उपलब्ध स्रोतसाधनको समुचित परिचालनका लागि टोल विकासको योजना निर्माण एवम् कार्यान्वयनमा नगरपालिका तथा वडालाई सहयोग गर्ने,

(घ) सामाजिक समस्या समाधानका लागि निरन्तर जनचेतना अभिवृद्धि गर्ने,

(ङ) आफ्नो टोल तथा सार्वजनिक स्थलहरुमा वृक्षारोपण अभियानलाई तीव्रता दिने,

(च) टोलमा वातावरणमैत्री तथा बालमैत्रीसँग सम्बन्धित विविध प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने,

(छ) भवन संहिता तथा मापदण्डका बारेमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने,

(ज) टोलका बस्तीलाई नमूना बस्तीको रुपमा विकास गर्न नगरपालिका तथा वडालाई सहयोग गर्ने,

(झ) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, सामाजिक सुरक्षा भत्ता आदिको यथोचित व्यवस्थापन तथा परिचालनमा नगरपालिका तथा वडालाई सहयोग गर्ने,

(ञ) टोलमा रहेका सार्वजनिक सम्पत्तिको संरक्षण तथा उपयोगमा नगरपालिका तथा वडालाई सहयोग गर्ने,

(ट) राजस्व परिचालनमा सचेतना अभिवृद्धि गर्ने,

(ठ) कृषि मार्फत समृद्ध नगरपालिका निर्माण अभियानमा नगरपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउने,

(ड) विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य चौकी व्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समिति, खानेपानी तथा सरसफाई उपभोक्ता समिति, मन्दिर व्यवस्थापन समिति, सिँचाई तथा कुलो व्यवस्थापन समिति लगायतका अन्य स्थायी प्रकृतिका उपभोक्ता समितिको कार्यक्षेत्रमा पर्ने वाहेक आफ्नो कार्यक्षेत्र भित्र नगरपालिकाबाट जन/लागत सहभागिता परिचालन गरी सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमहरु सञ्चालन गरी प्रचलित संघीय/स्थानीय सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम आयोजना तथा कार्यक्रमको स्वामित्व ग्रहण गर्ने र त्यसको रेखदेख तथा मर्मतसम्भार गर्ने,

(ढ) लालीगुराँस नगरपालिकालाई मुलुक मै नमूना नगरपालिकाको रुपमा स्थापना गर्ने तर्फ सदैव अग्रसर रहने,

(ण) उपभोक्ता हित संरक्षण लगायतका अन्य विषयगत जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(त) आफ्नो टोललाई बन्द हड्ताल निषेधित क्षेत्र तोक्ने व्यवस्था मिलाउने,

(थ) अर्गानिक कृषि उत्पादनलाई बढावा दिन टोलमा प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

(द) कार्यपालिका, निर्देशक समिति तथा वडा समितिले तोकेका अन्य कार्यहरु गर्ने, गराउने।

१० . **<u>अध्यक्षको काम, कर्तव्य र अधिकार:</u>** यस ऐनको अन्यत्र दफाहरुमा उल्लेख गरिएको काम, कर्तव्य र अधिकारको अलावा प्रत्येक संस्थाको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वार्षिक साधारण सभा र कार्यकारी समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) वार्षिक साधारण सभा, विशेष साधारण सभा र कार्यकारी समितिको बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने, गराउने,

(ग) नगर सभा, कार्यपालिका, वडा समिति एवम् संस्थाको साधारण सभा र कार्यकारी समितिको निर्णय कार्यान्वयन गर्न गराउन सदैव तल्लीन रहने,

(घ) कार्यकारी समितिको कामको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,

(ङ) टोल विकास संस्थाको प्रतिनिधित्व एकल रुपमा गर्नु पर्ने भएमा सो कार्य गर्ने,

(च) संस्थाको कार्यकारी समितिले तोकेका अन्य काम गर्ने।

११ . **<u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार:</u>** प्रत्येक संस्थाको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अध्यक्षको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,

(ख) संस्थाका सदस्यहरुलाई तोकिएको काममा सहजीकरण र समन्वय गर्ने,

(ग) संस्थाको कार्यकारी समितिले तोकेका अन्य काम गर्ने।

१२ .**<u>सचिवको काम, कर्तव्य र अधिकारः</u>** प्रत्येक संस्थाको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) साधारण सभा र कार्यकारी समितिको सचिवको रुपमा काम गर्ने,

(ख) साधारण सभा र कार्यकारी समितिको निर्णयको अभिलेख सुरक्षित राख्ने,

(ग) संस्थाको अध्यक्षको निर्देशनमा साधारण सभा र कार्यकारी समितिको बैठकको लागि पत्राचार गर्ने,

(घ) संस्थाको कार्यकारी समितिले तोकेका अन्य काम गर्ने।

१३ . **<u>कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** प्रत्येक संस्थाको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कोष तथा आर्थिक कारोवारको हिसाब तथा अभिलेख दुरुस्त राख्ने,

(ख) संस्थाबाट सञ्चालित आयोजना तथा कार्यक्रमको अभिलेख राख्ने,

(ग) नगरपालिकाबाट सञ्चालन हुने आयोजनामा लागत सहभागिता जुटाउनु पर्ने भएमा स्रोत परिचालनको लागि आवश्यक कारवाही अघि बढाउने,

(घ) संस्थाको कार्यकारी समितिले तोकेका अन्य काम गर्ने।

१४ . **<u>सहसचिवको काम, कर्तव्य र अधिकारः</u>** प्रत्येक संस्थाको सहसचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) संस्थाको सचिवको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,

(ख) संस्थाको कार्यकारी समितिले तोकेका अन्य काम गर्ने।

१५ . **<u>कार्यकारी सदस्यको काम, कर्तव्य र अधिकारः</u>** प्रत्येक संस्थाको कार्यकारी सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) संस्थाको कार्यकारी समितिको बैठकमा भाग लिई निर्णय प्रकृयामा सकृय सहभागिता जनाउने।

(ख) संस्थाको कार्यकारी समितिले तोकेका अन्य काम गर्ने।

१६ . **<u>साधारण सदस्यको काम, कर्तव्य र</u> अधिकारः** संस्थाको साधारण सदस्यको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) संस्थाको वार्षिक साधारण सभामा भाग लिई निर्णय प्रकृयामा सकृय सहभागिता जनाउने।

(ख) आफ्नो क्षेत्रभित्र सञ्चालित आयोजना तथा कार्यक्रम कार्यान्वयनमा संस्थालाई रचनात्मक सल्लाह सुझाव सहित निरन्तर सहयोग गर्ने।

(ग) कार्यकारी समितिले तोकेको अन्य काम गर्ने ।

## परिच्छेद ५

## <u>संस्थाको कोष, लेखा, लेखापरीक्षण र अभिलेख सम्बन्धी व्यवस्था</u>

१७ . **<u>संस्थाको कोषः</u>** (१) कार्यालयले तोकेको बैंकमा रहने गरी प्रत्येक संस्थाको एउटा छुट्टै कोष रहनेछ, र सो कोषमा देहायका रकमहरु रहने छन्।

(क) संस्थाले आर्जन गरेका सबै प्रकारका रकम,

(ख) लागत सहभागिता वापत् जम्मा गर्नुपर्ने रकम,

(ग) नगरपालिकाबाट आयोजना तथा कार्यक्रम सञ्चालनका लागि विनियोजित रकम।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम तोकिए बमोजिमको कार्यका लागि सम्बन्धित वडा कार्यालयलाई जानकारी गराएर मात्र खर्च गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको कोषको खाता सञ्चालन संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ।

**१८.** **<u>लेखा र लेखापरीक्षणः</u> (१)** संस्थाको लेखा कार्यालयले तोके बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(२) संस्थाले प्रत्येक आर्थिक वर्षको आय र व्ययको लेखापरीक्षण कार्यालयले तोकेको लेखापरीक्षकबाट गराउनु पर्नेछ।

**१९.** **<u>अभिलेख राख्नु पर्नेः</u>** प्रत्येक संस्थाले आफ्नो काम कारवाही व्यवस्थित र पारदर्शी गर्नका लागि देहाय बमोजिमका अभिलेखहरु अद्यावधिक राख्नु पर्नेछः

(क) साधारण सभा र कार्यकारी समितिसँग सम्बन्धित सम्पूर्ण अभिलेख,

(ख) लागत/जनसहभागितमा आयोजना सञ्चालनका लागि नगरपालिकासँग गरिएको सम्झौता, लागत इष्टिमेट, कार्य सम्पन्न प्रतिवेदन, आदि,

(ग) आम्दानी, खर्च, सम्पत्ती र दायित्व सम्बन्धी विवरण,

(घ) कार्यालयले तोकेको अन्य आवश्यक कुराहरु ।

## परिच्छेद ६

## <u>प्रतिवेदन र पुरस्कार सम्बन्धी व्यवस्था</u>

**२०.** **<u>प्रतिवेदन र पुरस्कारः</u>** (१) प्रत्येक संस्थाले अर्द्धवार्षिकरुपमा आफूले सम्पादन गरेका क्रियाकलापहरुको प्रतिवेदन सम्बन्धित वडा कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) सम्बन्धित वडा कार्यालयले समेत आफू मातहतका संस्थाहरुबाट सम्पादित क्रियाकलापहरु सहितको एकमुष्ट प्रतिवेदन अर्द्धवार्षिकरुपमा कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) नगर प्रमुखले उपदफा (२) बमोजिमको प्रतिवेदनका आधारमा प्रत्येक आर्थिक वर्षमा सबैभन्दा उत्कृष्ट र सिर्जनात्मक कार्य सम्पादन गर्ने तीनवटा संस्थालाई प्रमाणपत्र सहित देहाय बमोजिम पुरस्कृत गर्न सक्नेछः

(क) प्रथम हुने संस्थालाई संस्थाको क्षमता विस्तार तथा सुदृढीकरणका लागि एकलाख रुपैंया नगद अनुदान,

(ख) द्धितीय हुने संस्थालाई संस्थाको क्षमता विस्तार तथा सुदृढीकरणका लागि पचहत्तर हजार रुपैंया नगद अनुदान,

(ग) तृतीय हुने संस्थालाई संस्थाको क्षमता विस्तार तथा सुदृढीकरणका लागि पचास हजार रुपैंया नगद अनुदान।

(४) उपदफा (४) मा उल्लिखित नगद अनुदान सहितको पुरस्कार वितरण गर्दा संस्थाको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको मात्रा र प्रकृतिलाई प्रमुख आधार मानिनेछ।

## परिच्छेद ७

## कार्यकारी समितिको निलम्बन र खारेजी सम्बन्धी व्यवस्था

२१. **कार्यकारी समितिको निलम्बन वा खारेजी:**) (१) देहायमा उल्लिखित कुनै पनि अवस्थामा सम्बन्धित वडा समितिको सिफारिशमा निर्देशक समितिले कुनै पनि संस्थाको कार्यकारी समितिलाई अर्को व्यवस्था नहुञ्जेल सम्मका लागि निलम्बन वा खारेजी समेत गर्न सक्नेछः

(क) यस ऐनमा उल्लिखित समयावधिमा वार्षिक साधारण सभा नबसेमा, वा

(ख) जन/लागत सहभागिता परिचालन गरी आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा सम्झौता विपरीतको कार्य गरेको प्रमाणित भएमा, वा

(ग) यस ऐनमा उल्लिखित प्रावधान विपरीतको कार्य गरेको प्रमाणित भएमा, वा

(घ) कार्यपालिका वा निर्देशक समिति वा वडा समितिले दिएको निर्देशनको उल्लंघन गरेमा।

(२) उपदफा (१) बमोजिम कुनै पनि संस्थाको कार्यकारी समितिलाई निलम्बन वा खारेजी गर्नु अघि वडा समितिले उक्त संस्थाको कार्यकारी समितिलाई सात दिनको म्याद दिई सफाई पेश गर्ने मौका दिनेछ।

(३) उपदफा (२) बमोजिमको समयावधिमा संस्थाको कार्यकारी समितिले चित्तबुझ्दो सफाई पेश गरेको सम्बन्धित वडा समितिलाई लागेमा तत्कालका लागि सम्बन्धित वडाले संस्थाको कार्यकारी समिति निलम्बन वा खारेजी प्रकृयालाई स्थगन गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम कुनै पनि संस्थाको कार्यकारी समिति खारेजी भएमा वडाध्यक्षले टोल भेलाको आव्हान गरी यस ऐनमा उल्लिखित प्रावधान बमोजिम संस्थाको नयाँ कार्यकारी समितिको गठन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद ८

## आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धी व्यवस्था

२२. **जन/लागत सहभागितामा आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा संस्थाले अपनाउनु पर्ने कार्यविधिः** (१) कार्यालयसँग जन/लागत सहभागिता परिचालन गरी आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको कार्यविधि संस्थाले अनिवार्यरुपमा अपनाउनु पर्नेछः

(क) संस्थाले प्रचलित कानून बमोजिम निर्धारण भएको ढाँचामा कार्यालयसँग आयोजना तथा कार्यक्रमको सम्झौता गर्नु पर्नेछ।

तर, सम्झौता भएका आयोजना तथा कार्यक्रमको अन्तिम फरफारक नगरी एउटै संस्थासँग आयोजना तथा कार्यक्रम दोहोरो पर्ने गरी कार्यालयले अर्को सम्झौता गर्ने छैन।

(ख) आयोजना तथा कार्यक्रम सम्पन्न भई फरफारक गर्नुभन्दा अगावै संस्थाले अनिवार्यरुपमा सम्बन्धित वडाको जनप्रतिनिधिको रोहवरमा प्रचलित कानून बमोजिम निर्धारण भएको ढाँचामा सार्वजनिक परीक्षण गर्नु पर्नेछ।

(ग) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा संस्थाले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना, आयोजना सूचना पाटी, सार्वजनिक तथा सामाजिक परीक्षण लगायतका अन्य व्यवस्था प्रचलित कानून बमोजिम निर्धारण भएको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ।

(घ) संस्थाबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनका लागि कार्यालयले थप मार्गदर्शन

बनाई लागू गर्न सक्नेछ र यसरी बनाईएको मार्गदर्शनको पालना गर्नु प्रत्येक संस्थाको कर्तव्य हुनेछ।

(ङ) आयोजना तथा कार्यक्रम सञ्चालन एवम् कार्यान्वयन गर्दा नगरपालिका स्तरीय आयोजना तथा कार्यक्रम अनुगमन तथा मूल्यांकन समितिले दिएको निर्देशन पालना गर्नु प्रत्येक संस्थाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित व्यवस्था तथा उक्त व्यवस्थालाई थप व्यवस्थित र प्रविधिमैत्री बनाउनका लागि कार्यालयले आवश्यक व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद ९
## विविध

२३. **स्थायी प्रकृतिका उपभोक्ता समिति तथा अन्य उपभोक्ता समितिले ऐनको पालना गर्नुपर्नेः** जन/लागत सहभागिता परिचालन गरी सञ्चालन गरिने नगरपालिकास्तरीय तथा वडास्तरीय आयोजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा स्थायी प्रकृतिका उपभोक्ता समिति तथा अन्य उपभोक्ता समितिहरुले पनि यसै ऐनमा उल्लिखित योजना सम्झौतादेखी फरफारकसम्मका सम्पूर्ण प्रावधानहरुको अक्षरशः पालना गर्नु पर्नेछ।

२४. **संस्थाको नामाकरण र छापः** (१) यस ऐन बमोजिम गठन हुने संस्थाको नामाकरण टोल भित्रको ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक, भौगोलिक आदि विशेषताहरु झल्किने गरी वडा समितिको सिफारिशमा कार्यपालिकाले गर्नेछ।

(२) प्रत्येक संस्थाको छाप कार्यपालिकाले तोके बमोजिम हुनेछ।

२५. **निर्देशन दिन सक्नेः** यस ऐन बमोजिम गठन हुने संस्थालाई नगर प्रमुख वा नगर उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत वा वडाध्यक्षले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रत्येक संस्थाको कर्तव्य हुनेछ।

२६. **नगरपालिकासँग सम्पर्कः** संस्थाले नगरपालिकासँग सम्पर्क राख्दा वडा कार्यालय मार्फत् मात्र राख्नु पर्नेछ।

२७. **नियम वा निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउने अधिकारः** यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम वा निर्देशिका वा कार्यविधि वा मापदण्डको तर्जुमा गरी लागू गर्न सक्नेछ।

२८. **<u>बाधा अड्काउ फुकाउन सक्ने:</u>** (१) यस ऐनमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधाअड्चन आइपरेमा वाधा अड्काउ फुकाई तत्काल त्यसको निराकरण समेत गर्नका लागि नगरपालिकामा देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः

(क) नगर प्रमुख -संयोजक

(ख) नगर उपप्रमुख -सदस्य

(ग) नगर प्रमुखले तोकेको दुईजना वडाध्यक्ष -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

सचिव

(२) उपदफा (१) बमोजिमको समितिले फुकाएको वाधा अड्चनको जानकारी कार्यपालिकामा पेश गर्नु पर्नेछ र कार्यपालिकाले सो विषयको जानकारी नगर सभामा गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ।

(४) संस्थाको कार्यकारी समितिको विघटन वा खारेजीको निर्णय गर्दा सम्बन्धित वडाको वडा अध्यक्ष निर्देशक समितिमा पदेन सदस्यको रुपमा रहनेछ।

२९. **<u>खारेजी र बचाउः</u>** (१) लालीगुराँस नगरपालिकाको उपभोक्ता समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधि खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम भए/गरेका कामकारवाही एक पटकका लागि यसै ऐन बमोजिम भए/गरेको मानिनेछ।

## अनुसूची १

(दफा ४ सँग सम्बन्धित)

लालीगुराँस नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

बसन्तपुर, तेह्रथुम, कोशी प्रदेश, नेपाल

टोल विकास संस्था दर्ताको प्रमाण–पत्र।

कार्यपालिकाको कार्यालय दर्ता नं.:

.... नं. वडा कार्यालयको दर्ता नं.:

लालीगुराँस नगरपालिकाको टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी ऐन, २०८१ को दफा ४ बमोजिम लालीगुराँस नगरपालिकाको .......नं. वडाको को .......................................(क्षेत्र उल्लेख गर्ने) भरी आफ्नो कार्यक्षेत्र रहने गरी देहाय बमोजिम हुने गरी संस्था दर्ता गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ।

(क) संस्थाको नामः श्री

(ख) संस्था रहने ठेगानाः

द्रष्टव्यः ऐनको दफा ४ को उपदफा (२) बमोजिम प्रत्येक दुई वर्षमा वार्षिक साधारण सभा गरी संस्थाको नवीकरण गर्नु पर्नेछ।

वडाध्यक्षको नाम, थरः

... नं. वडा

हस्ताक्षरः

मितिः

प्रमुख प्रशासकीय अधिकृतको नाम, थरः

हस्ताक्षरः

मितिः

**आज्ञाले**

**सन्तोष घिमिरे**

**प्रमुख प्रशासकीय अधिकृत**